## नेपाल बार एशोसिएसन निर्वाचन २०७५
## पर्यवेक्षण समिति काठमाण्डौ केन्द्रका पर्यवेक्षकहरुले पालना गर्नुपर्ने आचार संहिता

नेपाल बार एशोसिएसन केन्द्रिय कार्य समितिको निर्वाचनको प्रयोजनको लागी निर्वाचन समितिले गठन गरेको पर्यवेक्षण समितिले निम्न अनुसार आचार संहिता तयार गरी निर्वाचन समितिको सहमती अनुसार लागु गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यो आचार संहिताको नाम 'नेपाल बार एशोसिएशन केन्द्रीय कार्य समितिको निर्वाचन आचार संहिता -२०७५ को लागी गठीत पर्यवेक्षकको आचार संहिता।'

२) यो आचार संहिता निर्वाचनको कार्यक्रम प्रकाशीत भई समिति गठन भए देखी निर्वाचनको परिणाम प्रकाशीत नभए सम्मको लागी बहाल रहनेछ।

### परिच्छेद -२
### पर्यवेक्षकले पालना गर्नु पर्ने आचरण

१) नेपाल बार एशोसिएसन केन्द्रिय कार्य समितिको निर्वाचनको लागी निर्वाचन समितिले २०७५।११।१२ मा जारी गरेको निर्वाचन आचार संहिता २०७५ र निर्देशीका २०७५ को अधिनमा रही पर्यवेक्षकले सो अनुकुल आचरण गर्नुपर्ने।

२) उम्मेदवारहरुले प्रचार प्रसारको क्रममा निर्वाचन आचार संहिताको पालना गरेको नगरेको सो सम्वन्धि अनुगमन गरी यदी यसो नगरेको पाइएमा त्यसलाई सच्याउन वा पालन गर्न अनुरोध गर्ने।

३) निर्वाचनमा उम्मेदवार भएका कानून व्यवसायीहरु प्रति पूर्वाग्रह राख्न नहुने।

४) उम्मेदवार वा कसैले निर्वाचन आचार संहिता २०७५ उल्लघंन गरेको देखिएमा निर्वाचन समितिको ध्यान आकर्षण गराउने।

५) स्वतन्त्र निष्पक्ष तटस्थ एवं वस्तु निष्ठ ढंगले निर्वाचन पर्यवेक्षण गर्ने।

६) कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै राय प्रकट नगर्ने।

### परिच्छेद -३
### मतदान पूर्वको पर्यवेक्षण कार्यविधि

१) ने.बा.ए.को मतदान पूर्व पर्यवेक्षण समितिले निम्न कुराहरुको पर्यवेक्षण गर्नुपर्नेछ।

क) प्रचार प्रसारको क्रममा गैर कानूनी काम कुराहरु भए नभएको हेर्ने ।

ख) प्रचार गर्दा कुनै उम्मेदवारले अर्को उम्मेदवारलाई लक्षित गरी प्रचार प्रसार गरेको नगरेको हेर्ने ।

ग) प्रचारका सामाग्रीको साईज र रंग ने.वा.ए.को प्रचार समितिले तोके बमोजिम छ छैन हेर्ने ।

## परिच्छेद ४
## मतदान गर्दाको दिनको पर्यवेक्षण

१) मतदान गर्दाको दिन निम्न विषयमा पर्यवेक्षण गर्नुपर्नेछ ।

क) वास्तविक मतदाताले मतदान गरेको हो होईन हेर्ने ।

ख) मतदातालाई मतदान गर्न आउँदा कुनै अवरोध भए गरेको छ छैन हेर्ने ।

ग) निर्वाचन अधिकृतबाट निर्देशीका अनुसार निर्वाचनको कार्य सम्पन्न भए गरेको छ छैन हेर्ने ।

घ) मतदान स्थलमा शान्ति सुरक्षा पुग अपुग हेर्ने ।

ङ) मतदान स्थलमा प्रचार प्रसार भई रहेको छ छैन हेर्ने ।

## परिच्छेद -५
## मतगणना गर्दाको पर्यवेक्षण

१) मतदान कार्य सम्पन्न भए पछि मतगणना हुँदा निम्न विषय पर्यवेक्षण गर्ने ।

क) मतगणना कार्य तोकिएको व्यक्तिबाट भएको छ छैन हेर्ने ।

ख) मतगणना गर्दा ठिक तरीकाले गणना भएको छ छैन हेर्ने ।

ग) मतगणना स्थल सुरक्षित छ छैन हेर्ने ।

घ) मतगणनाको परिणाम यर्थाथ हो होईन हेर्ने ।

## परिच्छेद -६
## प्रतिवेदन पेश गर्ने

१) निर्वाचनको कार्य सम्पन्न भए पछि उपरोक्त सबै तहको पर्यवेक्षणको प्रतिवेदन १५ दिन भित्र निर्वाचन समितिमा पेश गर्ने ।

२) माथि उल्लेखीत कुनै पनि अवस्थाबाट मतदानको प्रकृया वा निर्वाचन स्वच्छ र स्वतन्त्र तरीकाबाट हुने कुरामा आशंका वा अवरोध हुने भएमा निर्वाचन पर्यवेक्षण समिति वा कुनै सदस्यले सम्योजक मार्फत निर्वाचन समिति वा निर्वाचन समितिका कुनै सदस्यको तुरुन्त ध्यानआकर्षण गराउन पर्नेछ ।

मिति २०७५।१२।